# कुशे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थर्पु भार्मा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

☎ ०८९६९५०६०
९७५८००३२०२


पत्र संख्या : २०७७।०७८
चलानी नं. : ०५५

## सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति:- २०७७-०४-३०)**

प्रस्तुत बिषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अन्तर्गत रोजगार संयोजकको पदपुर्ति र प्राविधिक सहायक पदको लागि प.स २०७७/०७८ च.न. PMEP/२३ को मिति:-२०७७/०४/१२ को पत्रानुसार यस कुशे गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार संयोजक ,प्राबिधिक सहायक र RCIW कार्यक्रम अन्तर्गत सव-इन्जीनियर पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपालि नागरिकले १५ दिन भित्र माग वमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन फारमको निवेदन दिनुहुन जानकारी गरिन्छ ।

| क्र.स. | बिज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०१/०७७/०७८ | रोजगार संयोजक | छैटौं तह | १ |
| २. | ०२/०७७/०७८ | प्राबिधिक सहायक | पाँचौ तह | १ |
| ३. | ०३/०७७/०७८ | सव-इन्जीनियर | पाँचौ तह | १ |

आधारभूत न्युनतम योग्यता र अनुभव :- रोजगार संयोजकको लागि ।
शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तिमा स्नातक तह वा सो सरह उतिर्ण गरेको ।
उमेर हद: कम्तिमा १८ बर्ष पुरा भइ ४५ बर्ष ननाघेको ।
परिक्षाको विधि र किसिम: रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धि मापदण्ड,२०७६ ले निर्धारण गरेको Shortlisting र छनौट परिक्षा सेवा सम्वन्धि विषय र कम्पुटर सम्बन्धि विषय तोकिएको विषय र पाठ्यक्रम अधिनमा रहेर लिइनेछ ।
सेवा सुविधा: नियमानुसार ।
आवेदन दस्तुर: आवेदन दस्तुर रु. १०००/- मात्र ।

आधारभूत न्युनतम योग्यता र अनुभव :- प्राबिधिक सहायक र सव-इन्जीनियर पदको लागि ।
शैक्षिक योग्यता: सिभिल इन्जिनियरमा प्रबिणता प्रमाण पत्र तह वा डिप्लोमा तह उतिर्ण गरेको ।
अनुभव र सिप: प्राबिधिक सहायकमा देहायका अनुभव र सिप आवश्यक पर्नेछ:-

- कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सिप भएको ।
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत बिबरण तयार गर्ने सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अबुभब, पारस्परिक सम्बन्ध सम्बन्धि सिप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

उमेर हद: कम्तिमा १८ बर्ष पुरा भइ ४५ बर्ष ननाघेको ।
आवेदन दस्तुर: आवेदन दस्तुर रु. ५००/- मात्र ।
छनौटको किसिम:-प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित परिक्षा ।
सेवा सुबिधा: नियमानुसार ।

१. दरखास्त दिने स्थान:- कुशे गाउँ कार्यपालिकाको कार्यालय थर्पु, भार्मा जाजरकोट
२. दरखास्त दिने अन्तिम मिति: २०७७/०५/१२ गते कार्यालय समय भित्र
३. आबेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:-आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु: नागरिकता, न्युनतम योग्यता लब्धांक प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ले कागजात, २ प्रति पासपोर्ट साइजको फोटो

थप जानकारीको लागि सम्पर्क: ९८५८०८१८५२/९८५८०३७७५५, Email: info@kushemun.gov.np साथै गाउँपालिकाको वेबसाइट www.kushemun.gov.np मा समेत आवेदन फारम उपलब्ध रहेको जानकारी गराइन्छ ।

मान बहादुर गिरी
प्रमूख प्रशासकीय अधिकृत




Scanned with CamScanner